केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : nrbbfirdppd@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/३९/०६६/६७ मिति : २०६७/०१/०५

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को दफा २ को उपदफा (ग) मा उल्लिखित गैर आवासीय नेपाली (Non-resident Nepali) नागरिकहरुले यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा लगानी गर्ने प्रयोजनार्थ "बैंक/वित्तीय संस्था संस्थापना एवं वित्तीय कारोवार गर्ने इजाजतपत्र सम्वन्धी नीतिगत एवं प्रकृयागत व्यवस्था, २०६३" को बुँदा नं. ६.१ (संस्थापनाको लागि निवेदन दिने व्यवस्था) मा देहायको नीतिगत व्यवस्था थप गरिएको छ ।
   - गैर आवासीय नेपाली लगानीकर्ताले बैंक तथा वित्तीय संस्था संस्थापना वा हक हस्तान्तरणको प्रकृयाबाट संस्थापक शेयरमा लगानी गर्ने भएमा स्थानीय कर कार्यालयबाट प्रदान गरिएको कर चुक्ता प्रमाणपत्र र/वा पछिल्लो आर्थिक वर्षको कर दाखिला गरेको निस्सा र/वा नेपालमा करयोग्य आय नभएको व्यहोरा प्रमाणित हुने कागजात र यस सम्बन्धमा लगानीकर्ताले पेश गरेको स्वःघोषणपत्र (Self-Declaration) समेत यस बैंक समक्ष पेश गर्नुपर्ने छ ।
   - गैर आवासीय नेपालीले बैंक तथा वित्तीय संस्थामा लगानी गर्ने रकम गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को दफा ७ को उपदफा (२) बमोजिम प्रचलित कानुन बमोजिम नेपाल राष्ट्र बैङ्कबाट वित्तीय कारोवार गर्न इजाजतपत्रप्राप्त बैङ्क वा वित्तीय संस्थामार्फत विप्रेषण (Remittance) गरी नेपाल भित्र्याएको हुनु पर्नेछ ।

२. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई यस बैंकको प.सं. बै.वि.नि.वि./नीति/परिपत्र/३/०६६/६७ मिति २०६६/०४/३० मा जारी परिपत्रको बुँदा नं. (३) मा भएको निर्देशन बमोजिम वैधानिक तरलता अनुपात (SLR) गणना गर्ने प्रयोजनार्थ अनिवार्य मौज्दात (CRR) बापत कायम गर्नुपर्ने रकमभन्दा बढी रकम जम्मा भएको अवस्थामा सो बढी भएको मौज्दात रकमलाई वैधानिक तरलता अनुपात गणना गर्दा प्रयोग गर्न सकिने नीतिगत व्यवस्था थप गरिएको छ ।

३. यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई प.सं. बै.वि.नि.वि./नीति/परिपत्र/३३/०६६/६७ मिति २०६६/१२/२४ को परिपत्रबाट पुनरकर्जा सुविधा सम्बन्धमा जारी गरिएको परिपत्रका अन्य सम्पूर्ण नीतिगत तथा प्रकृयागत व्यवस्थालाई यथावत कायम गरी देहायको व्यवस्था कायम गरिएको छ ।
   (क) *"पुनरकर्जा सुविधा उपयोग गर्ने बैंक तथा वित्तीय संस्थाको निष्कृय कर्जा अनुपात ५ प्रतिशतभन्दा कम हुनुपर्ने छ"* भन्ने व्यवस्थालाई तत्कालका लागि खारेज गरिएको छ ।
   (ख) स्वदेशी निक्षेप तथा प्राथमिक पूँजीमा कूल कर्जा तथा सापटको अनुपात नेपाल राष्ट्र बैंकले जारी गरेको परिपत्रले गरेको व्यवस्था बमोजिम कायम गरेको हुनुपर्नेछ ।
   (ग) *"कुनैपनि बैंक तथा वित्तीय संस्थाको संस्थापक शेयरधनीहरुले कूल शेयर स्वामित्वको २० प्रतिशतभन्दा बढी कर्जा उपयोग गरेको भएमा पुनरकर्जा लिन योग्य मानिने छैन"* भन्ने व्यवस्थालाई तत्कालका लागि खारेज गरिएको छ ।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
७. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
८. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
९. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।
१०. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।